"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

**बूढानीलकण्ठ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गोल्फुटार,काठमाडौं**

**३ नं प्रदेश,नेपाल**

सूचना नं.: ५

# सूचना

बिश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमण बूढानीलकण्ठ नगरपालिका भित्र निरन्तर रुपमा बढिरहेको हुँदा यसको रोकथाम, नियन्त्रण एवं न्युनीकरण गर्दै अत्यावश्यक बस्तु तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंबाट मिति २०७७.५.१० मा जारी भएको सूचना तथा यस कार्यालयको मिति २०७७.०५.१० को निर्णयानुसार यस कार्यालयबाट प्रवाह गर्ने तपशिल बमोजिमका अत्यावश्यक सेवा बाहेकका सम्पुर्ण सेवाहरु मिति २०७७.०५.१७ गतेसम्मका लागि बन्द गर्ने तथा तपशिल बमोजिमका गतिविधिहरु गर्न/गराउन निषेध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलका सेवाहरु मात्र संचालन हुने**

१. कोभिड-१९ सम्बन्धी सेवा एवं कार्यहरु,

२. स्वास्थ्य सम्बन्धी सेवा एवं कार्यहरु,

३. विपद सम्बन्धी सेवा एवं कार्यहरु ।

**तपशिलका कार्यहरु गर्ने/गराउन निषेध गरिएको**

१. औषधी, खाद्यवस्तु तथा अत्यावश्यक उपभोग्य वस्तु र सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन ।

२. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्न ।

३. अत्यावश्यक सामाग्री ढुवानीमा प्रयोग भएका सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारीसाधन बाहेक अन्य सवारी साधन बूढानीलकण्ठ नगरपालिका भित्र प्रवेश गर्न ।

४. नगरपालिका भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुवाहक सवारीसाधन सञ्चालन गर्न ।

५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार एवं व्यवस्थापन सम्बन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तथा नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउनजान पर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्युनतम कर्मचारी संख्या निर्धारण गरी जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सवारीसाधन सञ्चालन गर्न ।

६. सवारीसाधन सञ्चालनको लागि अनुमती आवश्यक नपर्ने भनी तोकिएका आवश्यकीय वस्तु वा सेवा अन्तर्गत पर्ने औषधी, खाद्यवस्तु, ईन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफुल, दुध, दुग्धजन्य पदार्थ साथै दुग्धजन्य पदार्थ प्याकेजिङ्गका सामाग्री, विद्युत, दुरसञ्चार, सूचना तथा सञ्चार, भंसार, क्वारेन्टाईन, आईशोलेसन, फोहोरमैला व्यवस्थापन, सरसफाईमा प्रयोग गरिने साबुन/स्यानिटाईजर लगायतका सामाग्रीहरु, अस्पताल जाने आउने बिरामी, दाहसंस्कारका लागि अनिवार्य सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारीसाधन जस्ता अति आवश्यक सेवा बाहेकका सवारीसाधन सञ्चालन गर्न ।

७. कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्न, सभा-जुलुस गर्न ।

८. परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट गर्न ।

९. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्युशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधीहरु सञ्चालन गर्न ।

१०. सबै प्रकारका सभा सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, सपिङ्ग मल, डिपार्टमेन्टल स्टोर, मनोरञ्जनस्थल, शैलुन, ब्यूटिपार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेलिने खेलकुदहरु, पुस्तकालय, संग्रहालय, आदि सञ्चालन गर्न ।

२०७७।०५।१०

जयराम गजुरेल

प्रशासकीय अधिकृत

"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

बूढानीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोल्फुटार,काठमाडौं

३ नं प्रदेश, नेपाल

११. फुटपाथ वा खुल्ला ठाउँ तथा ठेलागाडा वा साईकलमा सञ्चालन हुने बिभिन्न ब्यापार/व्यवसाय सञ्चालन एवं कवाडी संकलन गर्न ।

१२. होटल, रेष्टुराँ सञ्चलन गर्न/गराउन ।

**तर**

१३. अत्यावश्यक वस्तु र सेवा मध्ये औषधी, पानी मात्र बेचबिखन गर्ने र स्वास्थ्य सामग्री बिक्रि बितरण गर्ने पसल ब्यवसाय जुनसुकै समयमा पनि निर्वाध रुपमा खुल्ला राख्न सकिने ।

१४. अत्यावश्यक वस्तु मध्ये खाद्यवस्तु, दूध र दुग्धजन्य पदार्थ, फलफुल/तरकारी, माछा मासु आदि पसल ब्यवसाय बिहान **९:१५ सम्म** मात्रै खुल्ला राख्न सकिने ।

१५. बैंकिङ्ग सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने ब्यवस्था मिलाउनुपर्नेछ । सो सम्भव नभएमा नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा सिमित रही आवश्यक सेवा प्रवाह गर्न सकिनेछ ।

१६. अत्यावश्यक कार्यका लागि घरबाहिर निस्किँदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दुरी कायम गर्नुपर्नेछ ।

१७. हवाई उडानबाट विदेश जानेहरुको हकमा पासपोर्ट, भिषा, स्वीकृत हवाई टिकट हुनेहरु सिधै एयरपोर्ट जाने सवारी साधनको हकमा सहजीकरण गर्न सकिनेछ ।

**साथै**

१८. अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तीमा कृत्रिम अभाव सिर्जना गर्ने, मुल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने वा लुकाउने वा सहज आपूर्तीमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कारवाही हुनेछ ।

१९. यस आदेशको उल्लंघन गर्ने वा आदेशको पालना गर्ने गराउने कार्यमा अवरोध गर्ने जो सुकै उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

२०. माथि उल्लेखित अत्यावश्यक वस्तु तथा सेवाको ब्यापार/ब्यवसाय सञ्चालन गर्दा अनिवार्य रुपमा सामाजिक भौतिक दुरी कायम राख्ने, माक्स र स्यानिटाईजर प्रयोग गर्ने लगायतका नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गर्ने गराउने ब्यवस्था मिलाउने ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गराई कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तर सहयोग, साथ र सहभागिताको लागि बूढानीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ ।

०७८।०१।१०

जयराम गजुरेल

प्रशासकीय अधिकृत